# TCP-PIAT समाचार

## तराई सिंचित कृषि प्रवर्द्धन प्राविधिक सहायता परियोजना

" पानीको अधिकतम उपयोग, बजारमुखी उत्पादनमा जोड "

*वर्ष १* *अंक २* *असोज २०७९*



*मोडेल साईट शाखा नहर १७ का कृषकहरुलाई हिउदे तरकारी खेतीका लागि नर्सरी बेड तयारी बारे ब्यबहारिक ज्ञान प्रदान गरिंदै*



*४ पालिकामा कार्यरत कृषि प्रसार प्राबिधिकहरुलाई CAP ( ब्यबसायिक कृषि प्रवर्द्धन) सम्वन्धमा अभिमुखीकरण*

### परियोजनाको संक्षिप्त परिचय

नेपाल सरकार तथा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (JICA) बीच २३ माघ २०७५ (६ फेब्रुअरी २०१९) मा सम्पन्न छलफल रेकर्ड अनुसार शुरु भएको **तराई सिंचित कृषि प्रवर्द्धन प्राविधिक सहायता परियोजना** (TCP-PIAT) को लक्ष्य संघीय सरकार, प्रादेशिक सरकार, स्थानीय सरकार तथा जल उपभोक्ता संस्थाको सहकार्यबाट "सिंचित कृषि मोडेल " विकास गर्नु हो (विस्तृत विवरण पृष्ठ ४ ) । यो परियोजना फाल्गुन २०७७ (मार्च २०२१) देखि दोस्रो चरणमा प्रवेश गरेको छ। यो परियोजनाका क्रियाकलापहरू दुई सम्भागमा विभाजित छन् जसमध्ये पहिलो सम्भाग अन्तर्गत कन्काई सिंचाई प्रणालीमा समतामूलक पानी वितरण र सिंचाई सुविधा मर्मत सम्भार पर्दछ भने दोश्रो सम्भाग अन्तर्गत खेतमा पानी ब्यबस्थापन (On-farm Development) र बजारमुखी कृषि प्रणालीको प्रवर्द्धन सम्बन्धि क्रियाकलाप रहेको छ ।पहिलो सम्भाग अन्तरगतको क्रियाकलाप सम्पूर्ण कन्काई सिचाई प्रणालीमा कार्यन्वयन हुनेछ भने दोश्रो सम्भाग अन्तर्गतको क्रियाकलापहरु स्थानीय सरकारहरुबाट प्रस्ताब भई छनौट भएका मोडेल साइटहरु (शिवसताक्षी नगरपालिका अन्तर्गत शाखा नहर १ र ४ , गौरीगंज गाउपालिका अन्तर्गत शाखा नहर १० र ७, कमल गाउपालिका अन्तर्गत शाखा नहर नं. १५ र १४ र गौरादह नगरपालिका अन्तर्गत शाखा नहर १७ र २०) मा कार्यन्वयन गरिनेछ ।

### दोश्रो चक्र मोडेल साइटहरु छनौट सम्पन्न

TCP-PIAT अवधारणा अनुरुप कन्काई सिंचाई ब्यवस्थापन कार्यालयले असार २०७९मा (जुलाई २०२२) यस वर्षको जाडो मौसम देखि बजारमुखी कृषि गतिविधिहरू सुरु गर्न दोस्रो चक्रको लागि मोडेल साइटहरू शाखा तथा प्रशाखा नहर प्रस्ताव गर्न चार स्थानीय पालिका र जल उपभोक्ता समितिलाई अनुरोध गरेको थियो ।

यसका लागि TCP-PIATले तयार गरेको मापदण्डको आधारमा, कन्काई सिंचाई ब्यवस्थापन कार्यालय र जल उपभोक्ता संस्था सँग परामर्श गरी प्रत्येक पालिकाहरूले आफ्नो क्षेत्रको एक/एक शाखा/प्रशाखा नहरहरू छनौट गरी प्रस्ताव कन्काई सिंचाई ब्यबस्थापन कार्यालयमा पेश गरेका थिए। प्राप्त प्रस्तावहरूको स्थलगत अनुगमन तथा छानविन पछि शाखा नहर ०४/प्रशाखा नहर ११ र १२ (शिवसताक्षी वार्ड नं. ५,) शाखा नहर ०७/ प्रशाखा नहर ३ र ४ (गौरीगञ्ज वार्ड नं. १,), शाखा नहर १४/ प्रशाखा नहर १ र २ (कमल वार्ड नं. १,) र शाखा नहर २०/प्रशाखा नहर ५ (गौरादह वार्ड नं.९) छनौट भएका छन्।



*दोश्रो मोडेल साइट शाखा नहर ७ मा साधारण भेलाको आयोजना तथा मु.न.स.,क.सि.व्य.का., स्थानीय पालिका ,TCP-PIAT र स्थानीय कृषकहरु बिच संवाद कार्यक्रम ।*

परियोजना कार्य टोलीको सिफारिस एवंम् पहिलो मोडेल साइटहरूबाट सिकेका पाठको आधारमा मोडेल साईट छनौट आगाडी सम्वन्धित नगरपालिकाका प्रतिनिधिहरू, कन्काई सिंचाई ब्यबस्थापन कार्यालय, जल उपभोक्ता संस्था र TCP-PIATका विज्ञहरू, जल उपभोक्ताहरू, पालिकाका प्रतिनिधिहरू, स्थानीय बुद्धिजिबीहरु तथा अन्य सरोकारवालाहरूको उपस्थितिमा सबै चार मोडेल साईटहरुमा एकदिने साधारण भेला आयोजना गरिएको थियो। साधारण भेलाको उद्देश्य परियोजनाका गतिविधिहरू बारे जानकारी दिने , छनौट गरिएका मोडेल साइटहरूका जल उपभोक्ताहरूको भूमिका र जिम्मेवारीहरू (जस्तै, नहर सफाई, सिंचाई सेवा शुल्क भुक्तानी) स्पष्ट पार्नु र परियोजनाका क्रियाकलापमा सक्रिय सहभागिताको प्रतिबद्धताहरू प्राप्त गर्नु रहेको थियो।

## व्यवसायिक कृषि प्रवर्द्धनका लागि बजार सर्वेक्षण आवस्यक

व्यावसायिक कृषि प्रबर्द्धन प्रणाली TCP-PIAT को एक महत्त्वपूर्ण सम्भाग हो। यो प्रणाली JICA को अर्को प्राविधिक सहायता परियोजनाले प्रवर्द्धन गरेको हो । यो प्रणालीको आधारभूत अवधारणा बजार पहुँचको सुनिश्चितता गर्दै कृषकहरूलाई बजारमुखी कृषिको दिगोपनका लागि उत्प्रेरक वातावरण सिर्जना गर्नु हो।

गत भाद्र महिनामा गौरिगंज १ स्थित शाखा नहर १० अन्तर्गतका ६ जना कृषकहरु तथा TCP-PIAT टिमले दमकको तरकारी बजारमा कृषि बजार सर्वेक्षण गरेको थियो । सहभागी कृषकहरुको लागि कृषि बजार सर्वेक्षण पहिलो अनुभव थियो। तरकारी बजारमा बजार सर्वेक्षणको क्रममा कृषकहरू, थोक बिक्रेता तथा खुद्रा बिक्रेताहरुबीच सम्पन्न अन्तरक्रियामा तरकारी उत्पादन र बजारीकरणका विषयमा छलफलको साथै कृषकहरु र ब्यापारीहरुले एक आपसमा सम्पर्क नम्बर पनि साटासाट गर्दै सहभागी कृषकहरुले हिउदे मौसमका लागि तरकारी बालीको बीउ बिजन समेत खरिद गरेका थिए ।



*श्री टंक प्रसाद पोखेल(बाया) र श्री उपेन्द्र रिजाल (दाया) गौरिगंज गाउपालिका कृषि शाखामा दर्ता भएको उद्धमशील कृषक समुहको सस्थापक सदस्य पनि हुन् ।*

TCP-PIATले बजार सर्वेक्षणमा सहभागीहरू मध्ये श्री टंक प्रसाद पोखरेल र श्री उपेन्द्र रिजालसँग अन्तर्वार्ता लिंदा उहाँहरू दुवैको दुई वटा समान बुझाई थियो १) उत्पादनको उच्च मुल्य प्राप्त गर्न बजार मागको आधारमा वेमौसमी तरकारी खेती गर्नुपर्छ र २) उत्पादनको बजार मुल्य उत्पादनको उपलब्धता/आपूर्ति र मागको आधारमा बढ्ने/घट्ने भई रहने हुनाले कृषकहरू खेति प्रविधिबारे मात्र जानिफकार नभई बजारको प्रवित्ति बारे पनि जानिफकार हुनु पर्दछ भन्ने बिषय कृषकहरुलाई थाहा हुनुपर्छ ।



*बजार सर्वेक्षणको क्रममा कृषकहरु र थोक बिक्रेता बिच छलफल हुदै ।*

माथि उल्लेखित उत्पादन तथा बजार सम्बन्धि अबधारणालाई आत्मसात गर्दै अब यी कृषकहरू आफ्नो उत्पादनको न्यायोचित मूल्य प्राप्त गर्न बेमौसमी तरकारी उत्पादन गर्ने निर्णयमा पुगी नगदे बालीहरूमा पनि ध्यान केन्द्रित गर्न थालेका छन्। उनीहरूले बेमौसमी उत्पादनको बजार प्राप्त गर्न असोज कार्तिक महिनामा आलु रोप्न र भन्टा र खुर्सानीको नर्सरी तयार गर्ने योजना बनाएका छन्। सामान्य सिजनको १५ देखि २० दिन अगाडि तरकारी उत्पादन गरे राम्रो मूल्य पाउन सकिने कृषकहरुले बुझेका छन् । तरकारी जस्ता नगदेबालीको रोपण समय परिवर्तन गरेर राम्रो नाफा प्राप्त गर्न सकिन्छ। यसैले बजार सर्वेक्षण एक कहिल्यै अन्त्य नहुने प्रक्रिया हो र साथै कृषकहरु आफै बजार भ्रमण गरेर, टेलिफोन गरेर, वा अन्य कुनै सूचना प्रविधि तथा छिमेकीहरूबाट समेत बजार सुचना लिई बजार सर्वेक्षण गर्न सकिन्छ भनेर बुझेका छन् ।भौतिकरूपमा बजारमै पुग्नु पर्छ भन्ने केहि छैन ।

## व्यवसायिक कृषि प्रबर्द्धन (CAP Approach) कृषि विकासको लागि अपरिहार्य

सुश्री सनिता राई विगत साढे पाँच वर्ष देखि गौरादह नगरपालिकाको कृषि शाखामा कृषि प्रसार सेवामा कार्यरत हुनुहुन्छ ।TCP-PIAT का गतिविधिहरू सुरु भएपछि, उहाले गौरादह-९ का मोडेल साइट शाखा नहर १७ का कृषकहरूलाई प्राबिधिक सेवा प्रदान गरिरहनु भएको छ । शाखा नहर १७ को प्रशाखा नहर २ मोडेल साइटमा काम गर्ने क्रममा वहाँ कृषकहरुको धारणा तथा विचारमा धेरै परिवर्तनहरू आएको वताउनु हुन्छ । विशेषतः वहा कृषकहरू पहिलेको जस्तै सरकारी अनुदान वा छुटको सट्टा आधुनिक व्यवसायिक कृषि खेती प्रणालीमा थप तालिम, ज्ञान र सीप माग गर्ने गरेको बताउनु हुन्छ । उहा भन्नु हुन्छ, कृषकहरू कुनै नया बजारमुखी खेती (रोप्ने समय, बेर्ना तयार गर्ने, जग्गा तयारी, कीट व्यवस्थापन, पोस्ट हार्भेस्टिंग व्यवस्थापन आदि)का लागि अग्रसर हुदाँ कृषि प्रसार अधिकृतको प्राबिधिक ज्ञान आवश्यक र उपयोगी हुन्छ।यसअघि उहाले प्राविधिक सल्लाह, स्थलगत तालिम दिने जस्ता विभिन्न काम गर्दै आईरहनु भएको थियो, तर यस्ता तालिमहरुको कार्यक्रम पहिल्यै तयार गरी सकिएको हुन्थ्यो । वहाको अनुभबमा यस्ता तयारी र पुर्व निर्धारित कार्यक्रम प्रभावकारी हुदैनन् । तसर्थ कृषकको मागमा आधारित प्राविधिक सल्लाह र स्थलगत तालिमको व्यवस्था गर्नमा वहाको जोड छ र योजना पनि तर्जुमा गर्दै हुनुहुन्छ ।



*गौरादह नगरपालिकाका प्राविधिक सहायक सुश्री सनिता राई ।*

गत भाद्र महिनामा दमक बजारमा TCP-PIAT ले आयोजना गरेको कृषि बजार सर्वेक्षणमा वहा पनि सहभागी हुनुभएको थियो। यस्ता गतिविधिले कृषकहरुलाई बजारका विशेषताहरू बुझ्न र बाली योजनाहरू तयार गर्न मद्दत गर्ने भएकोले यस्तो अभ्यासको उच्च मूल्याङ्कन गर्नुहुन्छ ।वहा दोहोर्याउनु हुन्छ कि CAP प्रणालीले कृषकहरुलाई बजार मूल्य र मागको आधारमा नगदे बालीहरू, बिशेषतः तरकारीहरू उत्पादन गर्न उत्प्रेरित गर्दछ। वहाको अनुसार भविष्यमा कृषकको आय बढाउन CAP पद्धति कोसेढुङ्गा साबित हुनेछ ।

## नयाँ आशाको साथ नयाँ मोडेल साइट

६८ वर्षीय श्री सूर्यनारायण राजवंशी शाखा नहर समिति ७ का अध्यक्ष हुनुहुन्छ। हालै यो नहर TCP-PIAT को क्रियाकलाप अन्तर्गत दोस्रो मोडेल साइटको रूपमा चयन भएको छ। मोडल साइटको रूपमा यो नहर छनोट हुन भएकोमा वहा खुसी व्यक्त गर्दै यस मोडेलका प्रभावकारिताको लागि आफ्नो तर्फबाट गर्नु पर्ने जुनसुकै कार्य र भूमिकाको लागि आफु तयार रहेको छलफलको क्रममा बताउनु भयो ।



शाखा नहर समिति ०७ का अध्यक्ष श्री सुर्य नारायण राजबंशी ।

TCP-PIAT का विज्ञसँगको कुराकानीमा वहाले मोडेल साइटका कृषकहरूले वर्षायाममा मात्र धान खेती गर्ने गरेको र हिउद र वसन्त ऋतुमा धेरै खेतहरू बाँझो रहने गरेको बताउनु भयो। कतिपय कृषकहरुले अन्य खाद्यान्न र नगदे बाली खेती गरे पनि सो उत्पादनको उचित मूल्य पाउने नगरेको वहा बताउनु हुन्छ ।

TCP-PIAT परियोजना बजारमुखी कृषि र समतामुलक पानी वितरण मार्फत कृषकहरुको आम्दानी बढाउने उद्देश्यले कन्काई सिँचाइ प्रणालीमा काम गरिरहेको बारे आफु जानकार रहेको श्री राजवंशीले बताउनु भयो। वहा आशाबादी देखिनु हुन्छ कि यस क्षेत्रका कृषकहरु बजारमुखी व्यावसायिक कृषिलाई अनुसरण गर्ने छन् र यसबाट उनीहरूको आर्थिक र सामाजिक स्थितिमा सुधार आउनेछ।

## पार्शल फ्ल्युम -समतामुलक पानी वितरणको लागि एक उपयोगी संरचना

पार्शल फ्ल्युम, सिँचाइको पानीको मात्रा मापन गर्न प्रयोग गरिने एक हाइड्रोलिक संरचना हो र सामान्यतया यो प्रत्येक शाखा नहरको शुरुवाती बिन्दुमा निर्माण गरिन्छ। मुख्य नहरबाट शाखा नहरहरूमा पानी वितरणमा महत्त्वपूर्ण भूमिका खेल्ने ढाल्पाहरूले प्रत्येक शाखा नहरमा कति पानी छोड्नु पर्छ भनेर यस पार्शल फ्ल्युमको प्रयोगबाट सजिलै मापन गर्न सक्छन्। यद्यपि, TCP-PIAT को फिल्ड अनुगमनको क्रममा थाहा भयो कि ढाल्पाहरूले पानीको बहाव मापन गर्न पार्शल फ्ल्युमको सहयोग लिदैनन , परिणामत कुनै शाखा नहरले बढी पानी पाएका छन् भने कुनैले कम । पार्शल फ्ल्युमको प्रभावकारी उपयोगले ढाल्पाहरूलाई प्रत्येक शाखा नहरमा निर्दिष्ट गरिएको दैनिक पानीको मात्रा छोड्न सक्षम बनाउँदछ । यसले गर्दा कन्काई सिंचाई ब्यबस्थापन कार्यालय र जल उपभोक्ता संस्थालाई समतामुलक पानी वितरणको लागि अनुगमन र समायोजन गर्न सहज हुन्छ। कन्काई सिंचाई ब्यबस्थापन कार्यालय, जल उपभोक्ता संस्था र TCP-PIAT ले रिमोबिलाइजेसनको लागि पार्शल फ्ल्युम क्यालिब्रेट गर्न शुरु गरेको छ (क्यालिब्रेसन विधिको लागि तल हेर्नुहोस्)। साथै, कन्काई सिंचाई ब्यबस्थापन कार्यालयले निर्माण नभएको शाखा नहरहरुमा समेत हाल पार्शल फ्ल्युम निर्माण गरिरहेको छ।




शाखा नहर ० को शुरु बिन्दुमा निर्माण भएको पार्शल फ्ल्युम र ढाल्पा श्री सुनिल सेलिंग

शाखा नहर ० मा नयाँ पार्शल फ्ल्युम निर्माण सम्पन्न भैसकेको र यस नहरको ढाल्पा श्री सुनिल शेलिङले गेट सञ्चालनमा पार्शल फ्ल्युम प्रयोग गर्न थालेका छन् । माथिको तस्बिरमा देखाइएझैं, यहाँ एउटा नाप्ने स्केल र रातो रङको चिन्ह सहितको पानीको स्तर सूचक छ जसमा १००% र वर्षा मौसम लेखिएको छ। क्यालिब्रेसनको क्रममा, कन्काई सिंचाई ब्यबस्थापन कार्यालय र TCP-PIAT ले पानीको स्तर र सिँचाइको पानीको मात्रा बीचको सम्बन्ध गणना गरी १००% पानीको स्तर देखाउने रातो रेखा कोरेको छ । १००% पानीको स्तरले त्यो चिन्हित स्तरमा पानीको मात्रा वर्षाको मौसममा शाखा नहर ० अन्तर्गतका जग्गा सिँचाइ गर्न पर्याप्त हुन्छ भन्ने संकेत गर्दछ । त्यसै गरी हिउद र वसन्त सिजनको लागि पनि कन्काई सिंचाई ब्यबस्थापन कार्यालय र TCP-PIAT ले आवस्यक स्थानमा पानी मापन रेखा राख्ने योजना तर्जुमा गरिसकेको छ ।

विगत १२ वर्षदेखि ढाल्पाका रूपमा कार्यरत श्री डिल्लीराम खनाल हाल शाखा नहर ० गेट सञ्चालन गर्दा पार्शल फ्ल्युमको प्रभावकारिता अवलोकन गर्ने गर्दछन । वहाको कार्य क्षेत्र सरदारे इनटेक भए पनि शाखा नहर ० को गेट पनि सञ्चालन गर्ने गर्छन्। वहाको अनुसार पार्शल फ्ल्युम निर्माण हुनु अघि, कुनै उपयुक्त मापन सूचक नहुँदा कतै आवश्यक भन्दा बढी पानी छोड्न कृषकहरुको दवाबमा गेट संचालन गर्नु पर्थ्यो। हाल आएर वहाले कन्काई सिंचाई ब्यबस्थापन कार्यालयबाट १००% स्तर सम्म मात्र पानी छोड्न निर्देशन पाए अनुसार नै पानी छाड्ने गर्नु हुन्छ । यसबाट अनावश्यक पानी बितरणमा नियन्त्रण गर्न सकिएको र शाखा नहर ० का कृषकहरुलाई १००% पानीको स्तर सम्म पानी छाड्दा यस नहर अन्तर्गतका खेती जग्गा सिँचाइ गर्न पानी पर्याप्त हुन्छ भनेर सजिलै बुझाउन सक्ने हुनुभएको छ। खुसीको कुरो शाखा नहर ० का कृषकहरुले समतामुलक पानी वितरणको महत्त्व बुझेकाले १००% स्तरसम्मको पानी वितरणलाई समर्थन गर्दै आएका छन्।



ढाल्पा श्री डिल्ली राम खनाल

पार्शल फ्ल्युमले कति पानी छोड्न सकिने भनेर स्पष्ट आधार देखाउछ । पार्शल फ्ल्युमको निर्माण र ढाल्पाहरूलाई कार्यालयले दिने निर्देशनले अपर्याप्त पानीको कारण समस्यामा परेका कृषकहरुलाई ठूलो राहत पुगेको छ । कुनै बेला कृषकहरुले १००% भन्दा बढी पानीको स्तर आवश्यक पर्ने महसुस गरेमा, उनीहरूले कन्काई सिंचाई ब्यबस्थापन कार्यालयलाई सिधै सम्पर्क गर्नुपर्ने हुन्छ ।सन्तुलित रुपमा नहरबाट पानी वितरण गर्न ढाल्पाको महत्त्वपूर्ण भूमिका हुन्छ र सो को लागि कन्काई सिंचाई ब्यबस्थापन कार्यालयको अनुगमन प्रणाली पनि प्रभाबकारी हुनु आवस्यक हुन्छ ।यसै प्रयोजनका लागि कन्काई सिंचाई ब्यबस्थापन कार्यालय र TCP-PIAT ले बाँकी नहरहरूमा पार्शल फ्ल्युम क्यालिब्रेट गर्न जारी राखेको छ र शाखा नहरहरुमा नयाँ पार्शल फ्ल्युम पनि निर्माण गर्दै गईरहेको छ ।

# तराई सिंचित कृषि प्रवर्द्धन प्राबिधिक सहायता परियोजना

## परियोजनाको लक्ष

संघ, प्रदेश, स्थानीय सरकार र जल उपभोक्ता संस्थाको सहकार्यमा सिंचित कृषि मोडेल तयार भएको हुनेछ ।

## सिंचित कृषि मोडेल के हो ?

**यो सिंचित कृषि मोडेलको लक्ष चार चरण समस्या समाधानमा आधारित सिंचाई योजनाको चक्र हो, यसले कृषकहरुलाई सिंचाई योजना संचालन / संभार गर्न चेतना र उत्प्रेरणा वृद्धि गर्दै कृषि आय बढाउनेछ ।**







**सिंचाई तथा कृषि दुवै क्रियाकलाप कृषकहरुको आय वृद्धि गर्न आवश्यक छ ।**

- पानी वितरणमा सुधारले सिंचाई योग्य क्षेत्र र यसको उत्पादकत्व वृद्धिमा योगदान पुर्याउछ ।
- सिंचित क्षेत्रमा कृषकहरुले बजारमुखी कृषिबाट लाभ उठाउछन् र यसबाट कृषकहरु व्यबसायको रुपमा खेती गर्दै क्षमता वृद्धि गर्न प्रोत्साहित हुनेछन ।
- यस क्रियाकलापबाट कृषकहरुले बढि आम्दानी प्राप्त गर्छन र आफु आत्मनिर्भर तथा उत्प्रेरित भएको महसुस गर्छन्।
- यी क्रियाकलापहरुले कृषकहरुलाई सिंचाई सेवा शुल्क भुक्तान गर्न सक्षम तुल्याउछ र यसको परिणाम स्वरूप जल उपभोक्ता संस्थालाई नियमित पानी वितरण तथा सिंचाई सुविधाहरुको पुनर्स्थापना तथा सुधारका लागि कोष प्राप्त हुनेछ।

## मोडेल सिंचित कृषि स्थापना का मुख्य उद्धेश्यहरु

१.कन्काई सिंचाई प्रणालीमा सिंचित कृषि सम्बन्धि सवालहरु विश्लेषण तथा सरोकारवालाहरु बीच साझा गर्ने।

**यसै क्रममा बि स. २०७७ माघ (सन् २०२० फेब्रुवरी) मा कन्काई सिंचाई प्रणालीका सबै सरोकारवालाहरु द्वारा चार बर्षे कार्ययोजना तयार गरिएको थियो ।**



२.पानी वितरण योजनामा सुधार र प्रशाखास्तर सम्म यसको कार्यान्वयन, सिंचाई सुबिधाको उपयुक्त संचालन र मर्मत संभार र फिल्ड च्यानलहरुको निर्माण क्रियाकलापबाट समतामुलक र प्रभावकारी रुपमा पानी वितरण प्रणाली स्थापना गर्ने ।

३.बजारमुखी कृषि अभ्यासको कार्यन्वयनबाट लक्षित प्रणालीका कृषकहरुको आय र प्राबिधिक क्षमता अभिवृद्धि गर्ने ।

४. कन्काई सिंचाई योजनाका सरोकारवालाहरुको समन्वयात्मक क्रियाकलापबाट सिंचित कृषि सुधारका लागि क्रियाकलाप कार्यन्वयन सहयोग प्रणाली ( Activity Execution Cooperation System)स्थापना गर्ने र तालिम तथा अन्य सम्बन्धित क्रियाकलापहरु र सहयोग प्रणालीबाट यो नतिजालाई तराई क्षेत्रका अन्य सिंचाई परियोजनाहरुमा विस्तार गर्ने ।

परियोजनाको सूचना : कन्काई सिंचाई ब्यवस्थापन कार्यालय ( http://www.kis.gov.np/ )
कन्काई नहर जल उपभोक्ता संस्था (https://www.facebook.com/kankaiwua )